# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, पुस ३० गते २०४३ साल (अतिरिक्ताङ्क ४१

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०४३" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ मा संशोधन : गाउँ पञ्चायत ऐन, २०१८ को,–

(१) दफा ३ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः–

"(६) गाउँ सभाका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुष मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(२) दफा ३ को उप-दफा (६) पछि देहायको उप-दफा (६क) थपिएको छः–

"(६क) उप-दफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ सभाको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा १२ को उप-दफा (१०) को सट्टा देहायको उप-दफा (१०) राखिएको छः–

"(१०) गाउँ पञ्चायतका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुष मसान्तमा पदावधि समाप्त भएको मानिनेछ।"

(४) दफा १२ को उपदफा (१०) पछि देहायको उपदफा (१०क) थपिएको छः–

"(१०क) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ पञ्चायतको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ। यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ।"

(५) दफा १४ ख. को सट्टा देहायको दफा १४ख. राखिएको छः–

"१४ख. प्रधानपञ्च र उप-प्रधानपञ्चको पद रिक्त हुने : (१) गाउँ पञ्चायतका प्रधानपञ्च र उप-प्रधानपञ्च माथिल्लो तहको पञ्चायतको कुनै पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "उम्मेदवार" भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम रिक्त हुने पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम उप-निर्वाचनद्वारा गरिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. नगर पञ्चायत ऐन, २०१९ मा संशोधन : नगर पञ्चायत ऐन, २०१९ को,–

(१) दफा ३ को उप-दफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः–

"(६) नगर सभाका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुष मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(२) दफा ३ को उपदफा (६) पछि देहायको उप-दफा (६क) थपिएको छः–

"(६क) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर सभाको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ ।"

(३) दफा ९ को उप-दफा (११) को सट्टा देहायको उप-दफा (११) राखिएको छः–

"(११) नगर पञ्चायतका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुष मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(४) दफा ९ को उप-दफा (११) पछि देहायको उप-दफा (११क) थपिएको छः–

"(११क) उपदफा (११) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर पञ्चायतको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ ।"

(५) दफा ११क. पछि देहायको दफा ११ ख. थपिएको छः–

"११ख. प्रधानपञ्च र उप-प्रधानपञ्चको पद रिक्त हुने : (१) नगर पञ्चायतका प्रधानपञ्च र उप-प्रधानपञ्च माथिल्लो तहको पञ्चायतको कुनै पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ ।

स्पष्टीकरण : यस उप-दफाको प्रयोजनको लागि "उम्मेदवार" भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम रिक्त हुने पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम उप-निर्वाचनद्वारा गरिनेछ ।"

४. जिल्ला पञ्चायत ऐन, २०१९ मा संशोधन : जिल्ला पञ्चायत ऐन, २०१९ को,–

(१) दफा १५ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–

"(३) जिल्ला पञ्चायतका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुष मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(२) दफा १५ को उप-दफा (३) पछि देहायको उप-दफा (३क) थपिएको छः–

"(३क) उप-दफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला पञ्चायतको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ ।"

(३) दफा १६क. को उप-दफा (१) मा रहेको "सभापति, उप-सभापति वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(४) परिच्छेद ४ मा दफा १६क. पछि देहायको दफा १६ख. थपिएको छः–

"१६ख. सभापति र उप-सभापतिको पद रिक्त हुने : (१) जिल्ला पञ्चायतका सभापति र उप-सभापति राष्ट्रिय पञ्चायतको सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ ।

स्पष्टीकरण : यस उप-दफाको प्रयोजनको लागि "उम्मेदवार" भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम रिक्त हुने पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम उप-निर्वाचनद्वारा गरिनेछ ।"

५. स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ मा संशोधन : स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को,–

(१) दफा ३क. को उप-दफा (१) मा रहेको "पदावधि समाप्त हुने वर्षमा हुनेछ" भन्ने शब्दहरूको सट्टा "पदावधि समाप्त भएपछि हुनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ३ख. को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छः–

"(३) प्रचलित कानूनबमोजिम पदावधि समाप्त हुने भई निर्वाचन गराउनु पर्ने अवस्थामा निर्वाचन आयोगले त्यस्तो पदावधि समाप्त हुनु अगावै देखि निर्वाचनसम्बन्धी प्रारम्भिक कार्यवाही गर्न सक्नेछ ।

तर पदावधि समाप्त नभई मतदानको काम हुनेछैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. वर्गीय संगठन ऐन, २०३६ मा दफा ८क. थप : वर्गीय संगठन ऐन, २०३६ को दफा ८ पछि देहायको दफा ८ क. थपिएको छः–

"८क. कार्य समितिको पदाधिकारीको पद रिक्त हुने : (१) संगठनको कुनै तहको कार्य समितिको कुनै पदाधिकारी माथिल्लो तहको कार्य समितिको कुनै पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ ।

(२) संगठनको कुनै कार्य समितिको पदाधिकारी राष्ट्रिय पञ्चायतको सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि "पदाधिकारी" भन्नाले कार्य समितिको सभापति, उप-सभापति, सचिव, सह-सचिव र कोषाध्यक्ष सम्झनुपर्छ ।

(४) यस दफाको प्रयोजनको लागि "उम्मेदवार" भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ ।

(५) उप-दफा (१) वा (२) बमोजिम रिक्त हुने पदको पूर्ति तोकिएबमोजिम हुनेछ ।"

लालमोहर सदर मितिः– २०४३।९।३०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



563 ५०५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।